# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

सञ्चारग्राम, काठमाडौं

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति Central Committee Federation of Nepali Journalists

**मिति : २०७५।०३।१७**

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका सदस्य एवं कान्तिपुर दैनिकका सहायक वरिष्ठ उपसम्पादक यादव थपलियाको उपचारको क्रममा सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा असार १५ गते ४० वर्षको अल्पायुमै निधन भएको दु:खद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र मर्माहत भएको छ । सामान्य ज्वरो आएर घरमा आराम गरिरहेका पत्रकार थपलियालाई ज्वरोले च्यापेपछि असार १३ गते अस्पताल भर्ना गरिएको थियो । उपचारमा संलग्न चिकित्सकहरुका अनुसार पत्रकार थपलियालाई भाइरल इन्फ्लुएन्जा भएको थियो । स्वर्गीय थपलियाका श्रीमती र २ छोरी छन् ।

लामो समयदेखि पत्रकारितामा सक्रिय थपलियाले नयाँ विकल्प साप्ताहिक, जनपुकारका साप्ताहिक, खोजतलास साप्ताहिक, सन्ध्याकालीन दैनिक, स्पेसटाइम दैनिक, नयाँपत्रिका दैनिक, नागरिक दैनिक लगायतमा काम गर्नुभएको थियो । साहित्यिक क्षेत्रमा समेत क्रियाशील रहुन भएको पत्रकार थपलियाको निधनले नेपाली पत्रकारिता जगतले एक जुझारु, निर्भीक, कुशल र अनुभवी पत्रकार गुमाएको छ । नेपाल पत्रकार महासंघले यस घटनालाई नेपाली पत्रकारितता क्षेत्रको अपुरणीय क्षतिको रुपमा लिएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय थपलियाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतआत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।

**रमेश विष्ट**

**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org